धनगढी उप-महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड :०७ संख्या :०५ मिति :२०८०/०३/०५

## भाग-२

## धनगढी उप-महानगरपालिका

# धनगढी उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को पहिलो संशोधन २०८०

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०३ ।०५**

**राजपत्रमा प्रकाशित मिति : २०८०।०३ ।०६**

**प्रस्तावना:** धनगढी उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
धनगढी उप-महानगरपालिकको नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

**१. संक्षिप्त नाम र परिचय:**

क) यस कार्यविधिको नाम "**धनगढी उप-महानगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७७ को पहिलो संशोधन, २०८०**" रहेको छ।

ख) यो नियमावली २०८० साल श्रावण १ गते देखि लागू हुनेछ ।

धनगढी उप-महानगरपालिका राजपत्र

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन कारण |
|---|---|---|
| नियम १३७ खरिद सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचार नियम (२) को खण्ड (छ) थप गरिको छ। | नियम १३७ खरिद सम्झौता उल्लंघन भए प्राप्त हुने उपचार नियम (२) को खण्ड (छ) थप गरेको- **“सम्झौतामा तोकिएको समयावधी भित्र निर्माणको कार्य वा खरिदको कार्य नगरेमा वा गर्न नसकेमा त्यस्तो निर्माण व्यवसाय वा खरिदकर्तालाई कार्य सम्पन्न हुन बाकी रहेको निर्माण कार्यमा लाग्ने खर्च र समयमा खरिद नगरी हुन आउने क्षतिको मूल्याङ्कन गरी सो मा लाग्ने र हुने क्षति बरावर रकम र सो रकम बराबर क्षतिपूर्ति रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ । सो व्यक्ति वा संस्थाको फर्म यस संस्थाको लागि निश्चित समयका वा सदाका लागि कालो सूचिमा राख्न सकिनेछ।”** | नियम १३७ खरिद सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचार नियम (२) को खण्ड ( छ) थप गरेका छ। |

**<u>आज्ञाले,</u>**

...................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत

धनगढी उप महानगरपालीका



धनगढी उप-महानगरपालिका राजपत्र